आज मिति २०७९ साल पौष २२ गते शुक्रबारका दिन बिहान ८ः००० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | अनुपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य-सचिब | श्री विजयराज सुवेदी | उपस्थिति |

आमन्त्रीत

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थिति |
| ३ | शा.बि.अ. | श्री तुल्सी भक्त तको | उपस्थिति |
| ४ | अधिकृत छैठौं | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थिति |
| ५ | अधिकृत छैठौं | मनोज शर्मा | उपस्थिति |
| ६ | अमिन | गोकुल रेग्मी | उपस्थिति |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ः १

यस नगरपालिकाबाट सघिय सरकार , बागमती प्रदेश सरकार संग देहाय बमोजिमको योजना माग गर्ने निर्णय गरियो ।

| योजना को नाउँ | संघ | | प्रदेश | |
|---|---|---|---|---|
| बाटोसडक / | विशेष | समपुरक | विशेष | समपुरक |
| निलवाराही चक्रपथ निर्माण तथा पहिरो नियन्त्रण | | समपुरक | | |
| नगदेश धुन्चो मनोहरा सडक | | समपुरक | | |
| बोडे चारदोबाटो कृषि वकास बैंक तालिम केन्द्र दक्षिणको सडक | | | | समपुरक |
| सिन्टीटार आयोजनाको दक्षिण सिमा सडक | | समपुरक | | |
| ब्राइटर हनुमन्ते सडक | | | | समपुरक |
| न पा हाडोल गाखु सिन्टीटार सडक | | समपुरक | | |
| नगदेश छवासो कमलपोखरी चोक सडक | | | | समपुरक |
| मधुचोक विसंतकी सडक | | | | समपुरक |
| नयाँ गठ्ठाघर चंद्रमौलेश्वरपमाहिटि सिद्धिकाली - सडक | | समपुरक | | |
| लोकन्थलीबि बाटो .महेन्द्र नि-धपाहिती ध्रुबधरा - | | समपुरक | | |
| धुन्चे मधुचोक राजकुलो हुदै बुद्ध चेक मगरगाउ जाने सड्क | | समपुरक | | |
| गाखु कुन्डोल भगवती ढल मार्ग | | समपुरक | | |
| **भवनहरु** | | | | |
| नेपाल कोरिया मैत्री अस्पताल ICU भवन निर्माण | विशेष | | | |
| जातिगाल स्यस्थ्य चौकी भवन, वडा २ | | | विशेष | |
| सिद्धिगणेश मा वि. भवन, नगदेश | विशेष | | | |
| आदर्श मा वि भवन निर्माण, बालकुमारी | विशेष | | | |
| सिद्धिकाली मा वि सिद्धिकाली | विशेष | | | |
| वडा कार्यालय भवन वडा न२ . | | | | समपुरक |
| जन आदर्श क्याम्पस भवन निर्माण | विशेष | | | |
| पार्क | | | | |
| सानोठिमी पार्क | विशेष | | | |
| दुनेगः पार्क वडा ४ | विशेष | | | |
| विष्णुवीर विष्णुकुन्डोल सिद्धिकाली पार्क | | | | समपुरक |
| निलवाराही पार्क | | | | समपुरक |

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

निर्णय नं  २
यस नगरपालिका वडा नं ३ स्थित ईन्द्र कमल मार्ग सड्क अधिकार क्षेत्र चालु आ.बमा बजेट व्यबस्था भई ठेक्का प्रक्रियाबाट कार्य अगाडी बढेकोमा केही जग्गाधनीले बाटोमा परेको संरचना नहटाई दिएको कारण बाटो बिस्तार कार्यमा अबरोध पुगेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४५ (३) बमोजिम भत्काउने र निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ः ३

यस नगरपालिका क्षेत्र भित्र रहेको अरनिको राजमार्गको सडक बत्तीको बक्यौता चा.लु आ.बको ख.शि.नं २८९११ बाट सम्बन्धीत शिर्षकमा रकमान्तर गरी रु. ७,७३,७९३.५१। (अक्षरेपी सात लाख त्रिहत्तर हजार सात सय त्रियानव्ये रुपैया उकाउन्न पैसा मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ः ४

नगरपालिका संघको सदस्यता शुल्क रु. २,२५,०००। (अक्षरेपी दुई लाख पच्चिस हजार रुपैया मात्र ) चा.लु आ.बको सि.नं ८९ ख.शि.नं २२४१९ बाट ब्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ः ५

यस नगरपालिकाले काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडको शेयर बापतको रकम आगामी नगरसभाबाट बजेट बिनियोजन गरी भुक्तानीको व्यवस्था गर्ने नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ः ६
यस नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७९ लाई देहाय बमोजिम हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**मध्यपुर थिमि नगरकार्यपालिकाको लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि ,२०७९**

**प्रस्तावना ः**

लैंगिक हिंसावाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागी मध्यपुर थिमि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरि सो कोषवाट पिडित वा प्रभावित लाई रकम प्रदान गर्ने कार्यलाई सहज बनाउन वान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मध्यपुर थिमि नगरकार्यपालिकाले लैंगिक हिंसा निवारण कोष (संचालन) सम्वन्धि कार्यविधि ,२०७९ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ ः

(क) यो कार्यविधिको नाम " लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि ,२०७९ रहेको छ।
(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।
२.परिभाषा ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,
(क) "नगरपालिका " भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्छ ।
(ख) "कोष" भन्नाले नियम ३ वमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

(ग) "पिडित" भन्नाले लैंगिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "लैंगिक हिंसा" भन्नाले त्यस्ता हिंसात्मक कार्यलाई बुझाउंछ जुन कुनै व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैंगिक विभेदवाट निर्देशित भई गरिएको हुन्छ । यस्ता कार्यहरुभित्र शारिरिक,मानसिक,यौनिक रुपले पीडा दिने वा पीडा पुर्याउने खालका सम्पूर्ण व्यवहारहरु पर्दछन् । साथै त्यस्ता कार्यहरु गर्नका लागि डर,धम्की जस्ता व्यवहारदेखि लिएर व्यक्तिको आधारभुत स्वतन्त्र खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहारहरुलाई सम्झनुपर्दछ।

(ङ) "कोष संचालन समिति" भन्नाले दफा ( ९ ) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. कोषको स्थापना ः

(१) लैंगिक हिंसा पीडित वा प्रभावितहरुको तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(ख) मध्यपुर थिमि नगरपालिकाको आन्तरीक स्रोतवाट छुट्याइएको रकम ।

(ग)अन्य कुनै आन्तरीक तथा वाहिय स्रोतवाट प्राप्त रकम ।

(घ) स्वदेशी वा विदेशी व्यक्ति वा विभिन्न संघ संस्थावाट प्राप्त रकम ।

(ङ)बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम ।

४. कोषमा रकम जम्मा गर्ने

मध्यपुर थिमि नगरपालिकाले प्रत्येक बार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. कोषको उपयोग ः

(१) कोषको रकम देहायको कामको लागी उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न ,

(ख) औषधी उपचार गर्न,

(ग) कानुनी सहायता , मनोवैज्ञानिक वा मनमोविर्मश सेवा प्रदान गर्न ,

(घ) पुर्नरुथापना गराउन ,

(ङ) राहात प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(च) स्वरोजगारका लाागी कुनै व्यवसाय गर्नका लागी अनुदान रकम प्रदान गर्न ।

(छ) कोष परिचालन समितिले तोके वमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसा पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागु पर्दाथको दुव्र्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सकिनेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने ः कोषको रकम दफा ५ वमोजिम वाहेक अन्य कामका लागी उपयोग गर्न सकिने छैन ।

७. राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने आधार ः

(१) यस कार्यबिधि वमोजिम पिडितलाइ राहात तथा आर्थिक सहयोग उपलव्ध गराउदा देहायको आधारमा देहायको रकममा नबड्ने गरि उपलब्ध गराइनेछ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

(क) पिडितलाइ तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च रकम ,अस्पतालमा वस्नु पर्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च समेत उपलब्ध गराउने ।

(ख) पिडितलाइ तत्काल उद्धार औषधी उपचार, पुर्नस्थापना वा राहात तथा आर्थिक सहयोग गर्नुपर्ने भएमा, गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी वीस हजार रुपैया नबढ्ने गरी मनासिव रकम

(ग) पिडितलाइ कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविर्मशका लागी पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यर्थाथ खर्च ।

(घ) पिडितले कुनै सीपमुलक तालीम प्राप्त गरी व्यवसाय संचालन गर्नृका लागी वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यका आधारमा प्रति व्यक्ति बढिमा वीस हजार रुपैया ,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया,अस्पतालमा वस्ने व्यवस्था नभइ वाहिर वस्नु परेमा वास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्चको यर्थाथ खर्च रकम ,

८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने ः

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. कोष संचालन समिति गठन

९.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

९.२. समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख ः | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) कानुन तथा प्रशासन माहाशाखा प्रमुख ः | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) महानगरीय प्रहरी वृत्त थिमिको ः प्रतिनिधि ः | सदस्य |
| (च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना ः | सदस्य |
| (छ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

१०. समितिको काम,कर्तव्य र अधिकार ः

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने , पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

ख) लैङ्गिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

ङ)) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने ,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

झ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ,

१. समितिको बैठक र निर्णय ः

क) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ,

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

च ) समितिले आबश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ) समितिको निर्णय समितिको सदस्य सचिबले प्रमाणित गरी राखिनेछ ,

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

१२. समितिको प्रशासनिक खर्च ः समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त रकम

१३. खाता सञ्चालन ः

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखा परिक्षण ः कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१५. कोषको रकम फ्रिज नहुने ः कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. प्रतिबेदन पेश गर्ने ः

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगरकार्यपालिकाले सार्बजनिक गर्ने छ ।

१७. बैठक भत्ता ः समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

१८. कोषको सचिवालय ः कोषको सचिवालय कोष सचिवालयको काम नपाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले गर्नेछ ।।

१९. अभिलेख राख्ने ः समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने ः

क) नगरकार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

अनुसुची

(दफा ८को उपदफा १ सँग सम्बन्धित)

विषयः सहयोग उपलब्ध गराई पाँउ ।

श्री अध्यक्ष ज्यु, स्थानीय तत्काल उद्धार तथा राहत समिति............।

म...............मा बस्ने बर्ष ........को ................मिति ...........मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (..............) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानुनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/स्वरोजगार/पुनरुथापना/अन्य ........कामको लागि सहयोगको आवस्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं .७

यस नगरपालिका क्षेत्र भित्र संचालित अनियमित जग्गा बिकासलाई नियन्त्रण गर्न सिमांकन गरि जग्गा रोक्काका लागि नापी कार्यालय भक्तपुर र भुमिसुधार तथा मालपोत कार्यालय भक्तपुर लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं .८

यस नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि- २०७९ को दफा ३ बमोजिम देहाय बमोजिमको ८ जना सदस्यको मनोनयन निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम | ठेगाना |
|---|---|---|
| १ | श्री रत्नकेशरी प्रजापति | म.थि.न.पा.वडा न.६ |
| २ | श्री रेणु श्रेष्ठ | म.थि.न.पा.वडा न.९ |
| ३ | श्री सुर्यलक्ष्मी प्रजापति | म.थि.न.पा.वडा न.५ |
| ४ | श्री लक्ष्मीशोभा प्रजापति | म.थि.न.पा.वडा न.६ |
| ५ | श्री रिना श्रेष्ठ | म.थि.न.पा.वडा न.४ |
| ६ | श्री राम माया प्रजापति | म.थि.न.पा.वडा न.१ |
| ७ | श्री दिल लक्ष्मी वाडे | म.थि.न.पा.वडा न.७ |
| ८ | श्री रामकेसरी सिपाई | म.थि.न.पा.वडा न.८ |

निर्णय नं .९

यस नगरपालिकाको भुमी आयोग नगर स्तरीय समितिको सदस्यमा नगर कार्यपालिका सदस्य श्री बालकृष्ण परियार र नगर कार्यपालिका सदस्य सिता विश्वकर्मालाइ मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं .१०

पशुपति स्पेनिङ्ग मिलको घर जग्गा कर (बक्यौता) सम्बन्धमा उच्च अदालत पाटनबाट मिति मा जारी आदेशानुसार के कसरी बक्यौता असुलउपर गर्न सकिन्छ ? कानुनी सल्लाकारको परामर्श लिई अर्को कार्यापालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ११.

डोर हाजिरीमा कार्यरत कार्यालय सहयोगीको मासिक पारिश्रमिक नगर दररेट अनुसार हुने गरी नगरकार्यपालिका बैठकको मिति २०७९।८।२२ को निर्णयलाई संशोधन गरी मासिक पारिश्रमिक १५,५००।- गर्ने ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

निर्णय नं .१२

चालु आ.बको बिनियोजित बजेटबाट देहाय बमोजिमको शिर्षकबाट देहायको रकम देहाय बमोजिमलाई लागत सहभागिता गर्ने निर्णय गरियो ।

| सि.नं | ख.शि.नं | नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २२५१२ | नेपाल पत्रकार महा संघ भक्तपुर । | ५०,००० | एम.एम.आइं.बि.एस सि.नं २७४ |
| २ | २२५२२ | भक्तपुर जिल्ला बुद्धिचाल प्रतियोगिता | २,००००० | एम.एम.आइं.बि.एस सि.नं २४४ |
| ३ | २२५२९ | सामुहिक ब्रतवन्ध मेलवा को लागि | १,००००० | एम.एम.आइं.बि.एस सि.नं १०९ |
| ४ | २२५२९ | स्थानीय स्काउट मध्यपुर थिमि संगको साझेदारीमा तालिम (शिक्षक) | ३,००००० | एम.एम.आइं.बि.एस सि.नं १०९ |
| ५ | २२२१३ | नेपाल रेडक्रस सोसाइटी नंगखेल गाडी मर्मत | ५०,००० | |

निणर्य नं १३

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चाडै पर्बलाई देहाय बमोजिमको रकम चालु आ.बको सि.नं ११० ख.शि नं २५३१४ मा विनियोजित बजेटबाट खर्च ब्यहोने गरी उपलब्ध गराउने ।

तपसिल

| सिनं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री माधब नारायण भजन मण्डल | साबिक बमोजिम दिने | |
| २ | लाछी भजन मण्डल म.थि.न.पा - ८ अध्यक्ष सुर्यमान गोजा श्रेष्ठ | रु.५०,०००/ ( अक्षरेपी पचास हजार मात्र) | हार्मोनियम र तबला खरिद का लागि |
| ३ | श्री माधब नारायण भजन मण्डल म.थि.न.पा - ८ अध्यक्ष बिष्णु भक्त तमी | रु.५०,०००/ ( अक्षरेपी पचास हजार मात्र) | हार्मोनियम र तबला खरिद का लागि |
| ४ | माहालक्ष्मी नित्य भजन म.थि.न.पा - ८ | रु.५०,०००/ ( अक्षरेपी पचास हजार मात्र) | ढोलक तथा मृदंग बाजा खरिद का लागि |
| ५ | गणेश मन्दिर परम्परागत दाफा भजन म.थि.न.पा - १ लोहन्थली जीत लाल कुटु | रु.५०,०००/ ( अक्षरेपी पचास हजार मात्र) | वाद्यावाधन खरिदका लागि |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं .१४

यस नगरपालिकामा कार्यरत ६० बर्ष नागेका महिला स्वास्थ्य स्वय सेविकाको व्यवस्थापन (सुविधा) सम्बन्धमा नपुग रकम चा.लु आ.बको ख.शि.नं २८९११ बाट सम्बन्धीत शिर्षकमा रकमान्तर गरी कार्यक्रम संचालन गर्ने ।

निर्णय नं .१५

यस नगरपालिकाको सहकारीको नियमावली तयारीका लागि ख.सि.नं २२५२९ एम.एम.आइं.बि.एस सि.नं १०९ खर्च व्यहोर्ने गरी रु. २,५०,००० (अक्षरेपी दुई लाख पचास हजार रुपैया मात्र ) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय १६.

मध्यपुर थिमि नगरपालिका वडा नं. ७ स्थित नगदेश गार्चा देखि मिलरोड जोडिने बाटो सुधार कार्य गर्न मिति २०७८/८/९ मा कार्यपालिका बैठकबाट अनुमोदन हुने गरि नगर प्रमुखज्यूबाट लागत अनुमान रु ५६,८५,५३९.।५८ मात्र भ्याट सहित स्वीकृत भएकोले सो लाई अनुमोदन गर्ने । चालु आ. व. २०७९।०८० मा वडा स्तरिय बजेट अन्तर्गत नगदेश गार्चा मार्ग स्तरोन्नति कार्यक्रम अन्तर्गत रु १० लाख विनियोजन भएकोले गत आ.व. देखि संचालित योजनाYO/9/078/079, Garcha Sadak Mill Road Upgrading Project, MTM, Ward No. 7 को अन्तिम भुक्तानीका लागी प्रास रु ३६,३६,५४५।११ भ्याट सहित कार्य स्वीकार प्रतिवेदन बमोजिम निर्माण कार्यहरु संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं .१७

मध्यपुर थिमि नगरपालिका वडा नं. १ स्थित Upgrading of i) Mauri Marga, ii) Okhal Devi Marga and iii) KharibotMarga कार्य गर्न मिति २०७८/६/१५ गते प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट लागत अनुमान रु ११४८७२०२.४३ मात्र भ्याट सहित स्वीकृत भएकोले सो लाई अनुमोदन गर्ने र गत आ.व. देखि संचालित योजनाYO/४/078/079, Upgrading of i) Mauri Marga, ii) Okhal Devi Marga and iii) KharibotMarga को अन्तिम भुक्तानीका लागी प्रास रु ४५,७८,५१२.०९ भ्याट सहितको कार्य स्वीकार प्रतिवेदन लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

यस न.पा. को वडा नं.८ स्थित ऐतिहासिक महालक्ष्मी मन्दिरको उत्तर तर्फको भाँगु पहिरो नियन्त्रण कार्यका लागि रु ७,३८,०३,५२९।३६ लाग्ने देखिएको तर चालु आ.व.मा रु.२,००,००,०००।– मात्र वजेट विनियोजन भएकोले नपुग रकम रु.५,३८,०३,५२९।३६ आगामी आ.व.मा विनियोजन गर्ने गरी उल्लेखित कार्यको लागत रकम रु. ७,३८,०३,५२९।३६ को बोलपत्र आह्वान गर्ने निर्णय गरयो ।

निर्णय नं. १९

विपन्न वर्गको स्वास्थ्य उपचार, मासिक ५ हजारको अनुदान सहयोगलाई दोहोरो नपर्ने गरी दिन नगरपालिका कार्यालयलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २०

रोटरी संगको साझेदारीमा कम्प्युटर/सि सि क्यामेरा जडान गर्ने सम्बन्धमा यस कार्यालयबाट मिति २०७८।५ ।२० मा भएको निर्णय अनुसार नपाको तर्फबाट रु. ३,५०,००० । बजेट शिर्षक नं बाट दिने निर्णय गरियो ।

निर्णय नं .२१

यस एम.आर.आई मेसिन परामर्शदाताको पारिश्रमिक भुक्तानी सम्बन्धमा नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको लागि १.५ Tesla MRI खरिद कार्य ०७९ ।२।४ गतेको नपाको निर्णयानुसार खरिद कारवाही रद्ध भएको भएपनि उक्त MRI मेसिनको स्पेशिफकिशन तयार गर्ने सर्बोतम सापकोटा लाई पारिश्रमिकि बापत रु ८६,५०५/८८ उपलब्ध र सुनिल कुमार साह लाई रु ४९,४४३/३६ पारिश्रमिक बापत रकम उपलब्ध गराउन कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २२

नगरपालिकाको बिभिन्न बिषय समिति गठन सम्बन्धमा छलफल गरियो ।

निर्णय नं .२३

यस नगरपालिकाबाट ब्यबसाय दर्ता अभियान २०७९।१०।१५ बाट वडा सिमितको अगुवाइमा शुरु गर्ने निर्णय गरियो।

निर्णय नं .२४

यस नगरपालिको नगर शिक्षा एन २०७९ को दफा १५ अनुसार देहायका ब्यक्तिहरुलाई नगर शिक्षा समितिको सदस्य तोक्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम/पद | पद |
|---|---|---|
| १ | श्री कृष्ण श्रेष्ठ | २ न वार्ड अध्क्षय |
| २ | सानुकाजी राजबाहक | ९ न वार्ड अध्क्षय |
| ३ | उज्जला थापा श्रेष्ठ | कार्यपालिका सदस्य |

निर्णय नं .२५

कृषि बिकास सहकारीलाइ कारवाही गर्ने सम्बन्धमा नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भएका जग्गा रोक्का समेतका सम्पुर्ण करवाहीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

बिजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय नं .२६

यस न.पा. को वडा नं. ७ गार्चा चोक देखि नगदेशतर्फ जाने वाटोमा ढलान कार्य गर्न चालु आ.व.मा रु.१०,००,०००।- मात्र विनियोजन भएको तर उक्त कार्य गर्न जम्मा रु २५,९४,१३५।९४ लाग्ने देखिएको र निर्माण स्थल घनाव्तीको प्रवेश द्वारमा भएकोले उक्त कार्य तत्काल पूर्णरुपमा सम्पन्न गर्न पर्ने भई स्थानीय उपभोक्ताबाट कार्य गराउने गरी नपुग रकम रु.११,००,०००।- चालु आ.व.मा मिलरोड गार्चा सडक निर्माणकार्य सम्पन्न भई उब्रेको रकमबाट खर्चिने गरी कार्य गराउने निर्णय गरियो ।

निर्णय नं .२७

Rectangular Interlock Pavers blended color with compressive strength M35 or above. Thickness: 60mm, Dimension 200x100x60 ५० मि.मि. मोटाइको सिमेन्ट ब्लक दर चालु आ.वको दर बिश्लेषणमा नपरेकोले स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं .२८

यस नगरपालिकाको न्यायिक समितिबाट भए गरेका काम कारबाई सहित चालु आ.व.मा हालसम्म २७ ओटा केश दर्ता भइ ५ओटा फछ्र्यौट भएको जानकारी भयो । साथै न्यायिक समितिबाट छिटो छरितो कार्य सम्पादन गर्न ,न्यायीक समितिलाई आबश्यक पर्ने कानूनी परामर्श दिने , बिभिन्न अड्डा अदालतमा दायर गर्न पर्ने निबेदन फिरादपत्र,प्रत्रिउत्तरपत्र ,लिखित जबाफ ,पुनराबलोकनपत्र समेत तयार गर्ने , मुद्दा मामिलहरुमा अड्डा अदालतमा उपस्थित भई बहस पैरबी गर्ने समेतका लागि मासिक अधिकृत स्तर छैठौ वा सो सरहको पारिश्रमिक दिने गरी सेवा करारमा कानूनी सल्लाहकार नियुक्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं .२९

सुचना प्रविधिको तिव्र विकास सँगै नागरिक/सेवाग्राहीहरू समेत प्रविधिमैत्री हुँदै गएको परिप्रेक्ष्यमा यस नगरपालिकाको राजस्व सङ्कलन कार्यलाई समेत आधुनिक प्रविधिसँग जोड्दै सेवाग्राहीको चाहना अनुरुप अनलाईन माध्यमबाट कर तथा अन्य राजस्व तिर्न सकिने गरी व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिएको छ । नेपालमा पनि भौतिक मुद्राको सट्टामा फोन पे को माध्यमबाट QR Code scan गरी ग्राहक/सेवाग्राहीको बैंक खाताबाट सिधै सेवा प्रदायकको खातामा अनलाईन माध्यमबाटै रकम भुक्तानी गर्ने प्रविधि लोकप्रिय बन्दै गएको देखिन्छ । यसैं सन्दर्भमा यस मध्यपुर थिमि नगरपालिकामा आउने सेवाग्राही र करदाताहरूबाट समेत Digital माध्यम बाट online भुक्तानी गर्ने प्रविधिको माग बढ्दै गएको देखिएकोले यस नगरपालिकाको सम्पत्ति कर र अन्य विविध सेवा शुल्क दस्तुरको असूली कार्यमा QR Code प्रविधि सेवा प्रयोग गर्न यस नगरपालिकाको आन्तरिक राजस्व खाता नं. ग-१-१-२३३०३००००१००१००००१ र विभाज्य खाता नं. ग-६-१-२३३०३००००६००१००००१ लाई नगरपालिकाले हाल प्रयोग गर्दै आएको सग्रिला माईक्रोसिस्टमको सफ्टवयेरमा लिंक गरी सफ्टवयेरमा QR Code प्रविधि जडान गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं .३०

यस नगरपालिका वडा कार्यालयहरुमा वडा प्रशासकीय प्रमुख ( वडा सचिब) दरबन्दी ) अधिकृत स्तर छैठौं । सातौं रहेकोले वडा तर्फ विनियोजित कार्यालय संचालन तथा पुजींगत खर्च वडाबाट गरिएमा वडाबासीलाई सेवा सुविधा प्राप्तीमा सहज हुने र बिकास निर्माणका कार्य सांलनमा सहजता हुने भएकोले प्रमुख प्रशासकीय अधिकृतबाट वडा प्रशासकीय प्रमुख ( वडा सचिब) र लेखा सहायकबाट संयुक्त दस्तखत हुने गरी अख्तियारी प्रदान गर्न उपयुक्त देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम अख्तियारी मलेनिका कार्यालयलाई सहायक खाता संचालन गर्ने गरी खर्च खातामा पहुचको ब्यबस्था मिलाईदिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं .३१

वडा नं.१ मा गत वर्ष स्ट्रक्चर मात्र निर्माण भई अधुरो रहेको लोहकिल्थली सामुदायिक भवन निर्माण कार्यको पूर्णताको लागत अनुमान रु १,४६,८९,९७३.४२ भ्याट कन्टिन्जेन्सी सहित रहेकोले उक्त रकम यस न.पा.को विनियोजन ऐन २०७९ को पाना नं.८४ को भवन, आवास तथा शहरी विकास शिर्षकको सि.नं.३ खर्च शिर्षक नं.३११११ मा विनियोजित रु ६,४५,२०,०००।—मध्येबाट खर्चिने निर्णय गरियो ।

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३